**जातीय समानता प्रवर्द्धन सम्बन्धी ववद्यमान र सुवनयोवजत उपायहरू**

**नागरिक सेवा ब्यूरो**

नागरिक सेवा ब्यूरो (CSB) ले अपोइन्टमेन्ट, सेवाको भुक्तानी तथा अवस्था, कर्मचारी व्यवस्थापन, जनशक्ति योजना, तालिमम र अनुशासन जस्ता कुराहरू लगायत नागरिक सेवाको व्यवस्थापनका लावग नीवत बनाउने समग्र जिम्मेवारी वहन गर्दछ।

नागरिक सेवाको नियुक्ति खुल्ला तथा निष्पक्ष प्रतिस्पर्धाको सिद्धान्तमा आधारित छ। खुला भर्ना प्रक्रियामा सबै उम्मेदवारहरूलाई सम्बवन्धत ग्रेडको रोजहारी मापदण्ड अनुसार तय गरिएका पूर्व-निर्धारित प्रवेश मापदण्डहरूलाई ध्यानमा राख्दै उनीहरूको क्षमता, कार्यसम्पादन र गुणको आधारमा मूल्याङ्कन गरिन्छ। चुनाव प्रक्रियामा जातिको बारेमा  विचार गरिने छैन।

विद्यमान उपायहरू

- गैर-जातीय चिनियाँ(NEC) का लागि सरकारी रोजगारीका अवसरहरू बढाउन CSB ले 2018 मा सबै नागरिक सेवा ग्रेडहरूका लागि चिनियाँ भाषा प्रवीणतासँग सम्बन्धित प्रवेश मापदण्डहरूको विस्तृत समीक्षा पूरा गर्यो र कुल ग्रेडको कुल सङ्ख्यालाई 31 बाट 53 मा वृद्धि गर्यो जसले उनीहरूको चीनियाँ भाषा प्रवीणता सम्बन्धी मापदण्डहरू (LPRs) लाई न्यूनीकिण गिको छ / गरिनेछ । CSB ले ती ग्रेडहरूको भर्ना अवस्थालाई निरन्तर रूपमा निरिक्षण गरिराख्ने छ र विभाग/ग्रेड प्रमुखलाई समीक्षा सरकारी रोजगारहरूसाँग सम्बन्धित चिनियाँ LPRs सन्तोषजनक सार्वजनिक सेवाहरू कायम राख्ने आधारमा कार्य सम्पादन गर्नको लागि आवश्यक हुने हदसम्म मात्र हुने कुरा सुनिश्चित गरिराख्न सम्झाउनेछ।

- हामी नियमित रूपमा शासित क्षेत्रभित्र रहेका गृह प्रशासन विभागका (HAD) जातीय अल्पसङ्ख्यकहरू सहायता सेवा केन्द्र, श्रम विभागका (LD) रोजहार केन्द्र, जातिगत विविधता रोजगार कार्यक्रम र youth.gov.hk वेबपेजमा "गैर-जातीय चिनियाँहरूका लागि कामको स्थानर" अन्तर्गत LD द्वारा आयोगमा गैर-सरकारी संगठनहरू मार्फत तुलनात्मक रूपमा न्युन चिनियाँ LPRs  सहितका नागरिक सेवाका रिक्त पदहरूका बारेमा जानकारी सम्प्रेषण गर्दछौँ।

- २०१९ देखि, CSB ले युवा NEC लाई कार्य अनुभव प्राप्त गर्न र रोजगारी खोज्ने प्रतिस्पर्धालाई अझ सक्षम बनाउन सक्षम बनाउका लागि NEC विद्यार्थीहरूका लागि इन्टर्नशिप कार्यक्रम आयोजना गरेको छ। लगभग आठ हप्ता सम्म चलेको इन्टर्नशिपका लागि NEC इन्टर्नर्सलाई बिभिन्न B/Ds मा राखिने छ।

- CSB को Civil Service College (CSC) ले सांस्कृतिक संवेदनशीलता र सम्बन्धित समान अवसरका सवालहरूमा निजामति कर्मचारीहरूको प्रशिक्षण बढाउन 2019 देखि विभिन्न उपायहरू अवलम्बन गरेकोछ। त्यस्ता उपायहरूमा नयाँ कर्मचारी र अग्र-पंक्तिका कर्मचारीहका लागि प्रशिक्षण स्थलको संख्या बढाउने, समान अवसर आयोगसाँग सहकार्य गरी अन्य उपयुक्त तालिम पाठ्यक्रमहरूमा सम्मिलित गर्न साँस्कृतिक संवेदनशीलताका बारेमा प्रशिक्षण पाठ्यक्रमहरूको विकास गर्ने र साँस्कृतिक संवेदनशीलता र जातीय समानता सम्बन्धी थप अनलाइन अध्ययनका स्रोतहरू उपलब्ध गराउने कुराहरू पर्दछन्।

- CSB को आधिकारिक भाषा विभागले सार्वजनिक निकायहरूलाई सन्दर्भको लागि विशेष गरी चिनियाँ र अङ्ग्रेजी भाषामा कागजातहरू अनुवाद गर्ने अनुवाद फर्महरूको सूची र स्वतन्त्र अनुवादकहरूको सूची कायम राख्दछ। सार्वजनिक निकायहरूले अन्य भाषाहरूमा अनुवाद वा दोभाषे सेवाहरू लिनु अघि अनुवाद फर्महरू वा स्वतन्त्र अनुवादकहरूका सेवाको क्षेत्र सुनिश्चित गर्न सक्छन्।

भावी आर्यको मूल्याङ्कन

- CSC ले अनवरत रूपमा उनीहरूको गुस्तर निरिक्षण र सुधार गर्ने हेतुले, सान्दर्भिक प्रशिक्षण पाठ्यक्रमहरूका बारेमा प्रतिक्रियाहरू सङ्कलन गरिरहनेछ।

- हामी निरन्तर रूपमा नागरिक सेवामा NECs को रोजगारी अवस्थालाई निरिक्षण गरिरहनेछौँ।

अपनाइएका/अपनाउनु पर्ने अतिरिक्त उपायहरू

- CSB ले विद्यमान उपायहरू कार्यान्वयन गर्न जारी राख्नेछ र परिष्करणलाई उपयुक्त बनाउने कुरामा विचार गर्ने छ।

जातीय समानता प्रवर्द्धनको सम्बन्धमा विद्यमान र सुनियोजित उपायहरूका बारेमा सोधपुछका लागि, कृपया निम्न च्यानलहरू मार्फत प्रमुख कार्यकारी अधिकृत (प्रशासन), Ms Helen LEE लाई सम्पर्क गर्नुहोस् –

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2810 3090 |
| फ्याक्स नम्बर: | : | 2868 5069 |
| इमेल | : | csbts@csb.gov.hk |
| हुलाक ठेगाना | : | नागरिक सेवा ब्यूरो<br>व्यवस्थापन विभाग<br>9/F, वेस्ट विङ्ग, केन्द्रिय सरकारी कार्यालय,<br>2 Tim Mei Avenue, Tamar,<br>हङकङ |

**नागरिक सेवा ब्यूरो**
**जुलाई २०२२**